# धार्चे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
माछाखोला, गोरखा

पत्र संख्या :-०७९।०८०

गण्डकी प्रदेश, नेपाल ।

## करारमा कर्मचारी पदपूर्ति सम्वन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति:२०७९/०५/२० )

यस धार्चे गाउँपालिकामा रिक्त रहेका तपशिल बमोजिमका विभिन्न सेवा/समुहका पदहरुमा करार सेवामा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र रितपूर्वक दरखास्त पेश गर्न सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल :**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सेवा/समूह | संख्या | आवेदन दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ०३-०७९/८० | इन्जिनियर | छैटौं | इ./सिभिल | १ | १०००।- | करार |
| २. | ०४-०७९/८० | कृषि स्नातक प्रविधिक | छैटौं | करार | १ | १०००।- | करार |
| ३. | ०५-०७९/८० | सूचना प्रविधि अधिकृत | छैटौं | करार | १ | १०००।- | PLGSP |
| ४. | ०६-०७९/८० | रोजगार संयोजक | छैटौं | करार | १ | १०००।- | प्र.रो. कार्यक्रम |
| ५. | ०७-०७९/८० | कम्प्यूटर अपरेटर | पाँचौ | विविध | १ | ५००।- | करार |
| ६. | ०८-०७९/८० | सब-इन्जिनियर | पाँचौ | इ./सिभिल | १ | ५००।- | करार |
| ७. | ०९.०७९/८० | रोजगार सहायक | पाँचौ | करार | १ | ५००।- | प्र.रो. कार्यक्रम |
| ८. | १०-०७९/८० | प्राविधिक सहायक | पाँचौ | करार | १ | ५००।- | प्र.रो. कार्यक्रम |
| ९. | ११-०७९/८० | एम.आइ.एस. अपरेटर | पाँचौ | करार | १ | ५००।- | सा.सु.र पञ्जिकरण |
| १०. | १२-०७९/८० | उद्यम विकास सहजकर्ता | पाँचौ | करार | १ | ५००।- | मेड्पा |
| ११. | १३-०७९/८० | उद्यम विकास सहजकर्ता | चौथो | करार | १ | ४००।- | मेड्पा |
| १२. | १४-०७९/८० | अ. सब-इन्जिनियर | चौथो | इ./सिभिल | १ | ४००।- | करार |
| १३. | १५-०७९/८० | फिल्ड सहायक | चौथो | करार | २ | ४००।- | सा.सु. र पञ्जिकरण |
| १४. | १६-०७९/८० | कार्यालय सहयोगी | श्रेणी विहीन | करार | २३ | ३००।- | स्वास्थ्य र वडाका लागि |

१. **आवश्यक कागजतहरु:** दरखास्त फारामको साथमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, पासपोर्ट साइजको २ प्रति फोटो, आवश्यक न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपि, अनुभव तथा तालिमको प्रमाणपत्र प्रतिलिपि उम्मेदवार स्वयंले प्रमाणित गरेको ।

२. **न्यूनतम शैक्षिक योग्यता:**

(क) विज्ञापन नं. ०३-०७९/८० का लागि नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङमा स्नातक उत्तिर्ण वा सो सरह योग्यता हासिल गरेको ।

(ख) विज्ञापन नं. ०४-०७९/८० का लागि नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषयमा स्नातक उत्तिर्ण वा सो सरहको योग्यता हासिल गरेको ।

काजीमान सुनार
प्रमुख प्रशासकीय अधिकृत

(ग) विज्ञापन नं. ०५-०७९/८० का लागि नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषयमा (**BE in Computer Engineering, BE & B.Tech in Communication and Electronic Engineering, BIT, BIM. BCA, BEIT, B.Sc.CSIT**) स्नातक उत्तिर्ण वा सो सरह योग्यता हासिल गरेको ।

(घ) विज्ञापन नं. ०६-०७९/८० का लागि नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै पनि विषयमा स्नातक उत्तिर्ण वा सो सरहको योग्यता हासिल गरेको ।

(ङ) विज्ञापन नं. ०७-०७९/८० का लागि नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ मा कम्प्युटर विषय लिई उत्तिर्ण गरेको वा कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरि कम्तिमा ६ महिना कम्प्युटर सम्वन्धि तालिम प्राप्त गरेको वा सो सरह योग्यता हासिल गरेको ।

(च) विज्ञापन नं. ०८-०७९/८० का लागि नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह उत्तिर्ण वा सो सरहको योग्यता हासिल गरेको ।

(छ) विज्ञापन नं. ०९-०७९/८० का लागि नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा १०+२ कक्षा उत्तिर्ण वा सो सरहको योग्यता हासिल गरेको ।

(ज) विज्ञापन नं. १०-०७९/८० का लागि नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह उत्तिर्ण वा सो सरह योग्यता हासिल गरेको ।

(झ) विज्ञापन नं ११-०७९/८० का लागि नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ मा कम्प्युटर विषय लिई उत्तिर्ण गरेको वा कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरी कम्तिमा ६ महिना कम्प्युटर सम्वन्धि तालिम प्राप्त गरेको वा सो सरह योग्यता हासिल गरेको ।

(ञ) विज्ञापन नं. १२ र १३-०७९/८० का लागि नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (**CTEVT**) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्वन्धि डिप्लोमा कोर्ष उतिर्ण गरेको वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (**CTEVT**) बाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उतिर्ण गरेको वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (**CTEVT**) बाट उद्यम विकास सहजकर्ता सम्वन्धी प्राविधिक प्रवेशिका परिक्षा (**TSLC**) उतिर्ण गरेको वा सो सरह योग्यता हासिल गरेको ।

(ट) विज्ञापन नं. १४-०७९/८० का लागि नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट S.L.C. वा सो सरह उत्तिर्ण गरि वा सम्बन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट सम्बन्धित विषयमा TSLC परिक्षा उत्तिर्ण गरेको ।

(ठ) विज्ञापन नं. १५-०७९/८० का लागि नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एस.एल.सि. वा एस.इ.ई.(**SLC/SEE**) उतिर्ण गरेको ।

(ड) विज्ञापन नं. १६-०७९/८० का लागि सामान्य लेखपढ गर्न जानेको।

सुनार
प्रमुख प्रशासकीय अधिकृत

३. **उमेर हदः** विज्ञापन नं. ०३,०४ र ०५-०७९/८० का लागि २१ वर्ष पुरा भई पुरुषका हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको, विज्ञापन नं. ६-०७९/८० का लागि २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको, विज्ञापन नं. ०७,०८ र १४-०७९/८० का लागि १८ वर्ष पुरा भई पुरुषका हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको, विज्ञापन नं. ०९ र १०-०७९/८० का लागि १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको, विज्ञापन नं. ११,१२,१३ र १५-०७९/८० का लागि १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको, र विज्ञापन नं. १६-०७९।८० का लागि १८ वर्ष पुरा भइ ४५ बर्ष ननाघेको ।

४. **दरखास्त दिने स्थानः** धार्चे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखा ।

५. **दरखास्त दिने अन्तिम मिति :** २०७९/०६/०३ गते कार्यालय समयभित्र र सो दिन सार्वजनिक विदा परेमा कार्यालय खुल्ने दिनको कार्यालय समयभित्र ।

६. **छनौटको आधारः** प्रचलित कानून एवं मापदण्ड बमोजिम प्रारम्भिक सूचि/लिखित/प्रयोगात्मक परिक्षा एवं अन्तरवार्ता।

७. **दरखास्त दस्तुर जम्मा गर्ने तरिका :** सिभिल बैंक लिमिटेड माछीखोला धार्चे शाखामा रहेको धार्चे गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ग. १-१ ०७५१०३५७०४११०८ मा राजश्व जम्मा गरेको भौचर वा राजश्व/लेखा शाखामा राजश्व वुझाएको नगदि रसिद ।

८. **सेवा सुविधा :** गाउँपालिका अन्तर्गतको स्विकृत रिक्त दरवन्दीको हकमा प्रचलित नियमानुसार र अन्यको हकमा गाँउपालिकाले तोके बमोजिम हुनेछ ।

९. **परिक्षा मिति :** सूचनाको अन्तिम मिति सकिएको एक हप्ता भित्रमा प्रकाशन गरिनेछ ।

१०. दरखास्त फाराम यस धार्चे गाउँपालिकाको कार्यालयको वेवसाइट www.dharchemun.gov.np वा कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

११. दरखास्त फाराम यस धार्चे गाउँपालिकाको इमेल ठेगाना rmdharche@gmail.com मार्फत अथवा कार्यालयमा आइ बुझाउन सकिनेछ।

१२. अन्य थप जानकारीको लागि ९८५६०४१४५१/९८४१७१७८६७ मा सम्पर्क गर्न सकिने छ ।

..............................
काजीमान सुनार
प्रमुख प्रशासकीय अधिकृत

काजीमान सुनार
प्रमुख प्रशासकीय अधिकृत